जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: १२, अंक: २२४ पृष्ठ: ४ | २०८२ पुस १३ आइतबार (Sunday 28 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सत्यनारायण साफीका अभिभावक भन्छन् : छोराको सफलतामा पनि खुशीहुन दिएन गरिविले



**आशिष बिश्वकर्मा/सुरेश राय**

सिरहा, ११ पुस। सिरहाको बरियारपट्टी गाउँपालिका २, श्रीपुरका २१ वर्षिय सत्यनारायण साफी अहिले सामाजिक सञ्जाल र सञ्चारमाध्यममा चर्चामा छन्। उनी चर्चामा हुनुको कारण भने एकजना गरिब, बिपन्न तथा दलितका छोराले चिकित्साशास्त्र अन्तर्गत स्नातक तह ( एमबीबीएस) अध्यनको लागि छात्रवृतिमा नाम निकाल्नु हो। अति गरिब परिवारका उनले सीमित स्रोत–साधनका बीच निरन्तर स्वअध्यन, मेहनत र धैर्यताका साथ उनले चिकित्सा शास्त्र तर्फ एमबीबीएस अध्ययनको लागि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भए। २०७७ सालमा गाउँकै सामुदायिक विद्यालय जनता माध्यमिक ( प्राविधिक) विद्यालय, बडियारपट्टीबाट एसईई उत्तीर्ण गरे। एसईईमा राम्रो अङ्क आएपछि आफू पढाइमा सक्षम रहेको महसुस गर्दै विज्ञान विषय लिएर विराटनगरको अर्निको स्कूलबाट २०७९ सालमा १२ कक्षा उतिर्ण गरे। १२ कक्षा उतिर्ण पछि उनको मनमा अगाढीको पढाई एमबीबीएस गर्ने भोक जाग्यो।

त्यतिवेलासम्म उनका बुबा मधुरी साफीले बैदेशिक रोजगारबाट गरेको कमाईले धानिरहेको थियो। 'त्यहि समय बुबा बैदेशिक रोजगारीबाट फर्किसक्नुभयो, बुबाबाले विदेशमा रहदा कमाएको पैसा मेरै पढाई र घरखर्चबाट बच्ने कुरै भएनन्न सत्यनारायणले भने, 'मेरो मनमा भने एमबीबीएस पढ्ने सोच आयो, मैले त्यहि अनुसार घरमै बसेर तयारी थालें, नाम पनि निक्लियो।'

उनले काठमाडौंमा गएर केही समय तयारी गर्ने प्रयास नगरेका होइनन्। आर्थिक कारणले उनी काठमाडौं बसेर पद्न सकेनन्।

**–बाँकी दुई पेजमा**

## मिर्चैया प्रहरीले गऱ्यो गाँजा फडानी

इलाका प्रहरी, जिल्ला प्रहरी र लागूऔषध नियन्त्रण ब्युरोको ३८ जनाको टोलीले व्यावसायिक रूपमा लगाइएको अवैध गाँजा खेती फडानी गरी जलाएर नष्ट गरेको छ।



**विनय आजाद**

सिरहा, १२ पुस। सिरहाको कल्याणपुर नगरपालिका–९ रुदलपुरमा प्रहरीले ठूलो मात्रामा गाँजा फडानी गरेको छ प्रहरीले शनिबार बिहान रुदलपुरस्थित खेत तथा बारीमा लगाइएको गाँजा फडानी गरेको हो। यस गाउँका विभिन्न व्यक्तिको करिब नौ कट्ठा जग्गामा लगाइएका साढे ११ सय हाराहारी गाँजाका बोट फडानी गरी जलाएर नष्ट गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डीएसपी राजेशराज पुरीले जानकारी दिए।

डीएसपी पुरीका अनुसार व्यावसायिक ढंगले गाँजा खेती गरिएको सूचना प्रहरीकहाँ आएपछि इलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा लागूऔषध नियन्त्रण ब्युरोबाट ३८ जना प्रहरीको टोली परिचालन गरी फडानी गरिएको हो। गाँजा खेती अवैध भए पनि यस क्षेत्रमा कतिपयले कानुनी अज्ञानताका कारण र कतिपयले जानाजानी गाँजा खेती गर्ने गरेको भन्दै यस्तो फडानी अभियान आगामी दिनमा पनि निरन्तर रहने डीएसपी पुरीले बताए।

## उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं।

- वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
- गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
- भ्रुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
- उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
- उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
- उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
- सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
- अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
- उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




## सिरहा र धनुषा जोड्ने कमला पुलको बाँकी काम हुँदै, चैतभित्र सञ्चालनमा ल्याउन लक्ष्य



सिरहा, १२ पुस। ठेक्का सम्झौता भएको १४ वर्ष बित्दासमेत निर्माण हुन नसकेको हुलाकी राजमार्गअन्तर्गत सिराहा र धनुषा र सिराहाको सीमानामा पर्ने कमला नदीमा निर्माणाधीन वहुचर्चित कमला पुलको बाँकी काम भइरहेको छ। आगामी चैतभित्र कमला पुल निर्माण सम्पन्न गरी यातायात सञ्चालन गर्ने कार्यतालिकाका साथ निर्माण व्यवसायीबाट काम भइरहेको छ। निर्माण व्यवयासीले नै पुलको डिजाइन गरी निर्माण गर्ने मोडलमा ठेक्का सम्झौता भएको कमला पुलको लम्बाइ चार सय ६९ मिटर रहेको छ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले गत ५ मंसिरमा स्थलगत अनुगमन गरी पुल निर्माण तथा पुनर्स्थापनाको काम तत्काल अघि बढाएर जतिसक्दो छिटो पुल निर्माण सम्पन्न गर्न निर्देशन दिएका थिए। मन्त्री घिसिङले निर्माणको आफूले नियमित अनुमगन गर्ने र काम सन्तोषजनक नभएमा ठेक्का तोड्ने चेतावनी दिएका थिए। साथै, उनले हाल नदी रहेको स्थानमा ह्युम पाइप राखेर अस्थायी रुपमा आवतजावतको व्यवस्था गर्न निर्देशन दिएका थिए सोही बमोजिम ठेक्का व्यवस्थापन भई पाइप राख्ने काम पनि भइरहेको छ।

ठेक्का सम्झौता भएको करिब १४ वर्ष पुग्दासमेत कमला पुल निर्माण हुन सकेको छैन। पुल नबन्दा नागरिकले सास्ती खेप्नु परेको, सवारीसाधन लामो रुट प्रयोग गरी आवत–जावत गर्न वाध्य भएको र कमला नदी वारपार गर्न जोखिमपूर्ण एवम् कष्ठकर यात्रा गर्नु बाध्यता छ। १७ असार २०७८मा कमला नदीमा आएको बाढीले पुलको दुईवटा जग भासिएर ४ वटा स्लावमा क्षति पुगेको थियो। क्षति पुगेका स्लावमध्ये सिराहा(पूर्व)तर्फको दुई वटा स्लाव हटाइएको छ भने धनुषा (पश्चिम) पट्टिको २ वटा स्लाव हटाउन नपर्नेप्राविधिक अध्ययनबाट देखिएको छ।

**–बाँकी दुई पेजमा**

## सम्पादकीय

# राज्यले अपनत्व देखाउनु आवश्यक

दुनियाँलाई गहिरो आँखाले हेरेर सतहमा नदेखिने कतिपय मानवीय आयामहरू उजागर गरिदिने स्रष्टाहरू पनि कला साहित्यजस्तै स्नेह र सद्भावका पात्र हुन्छन्। भाषा, साहित्य, संगीत, कलालाई आधुनिक भनिएको समाजमा समाजमा अनुत्पादक मानिन्छ। यसैले होला बजारवादी लहरसँगै भाषा साहित्य उपेक्षित हुँदैगएको छ। 'समृद्धि' नै राज्यको गुरुमन्त्र बनेको बेला अस्तित्वको खोजीमा रहने कलाको उपेक्षा हुनु के अस्वाभाविक भयो र ? तर कला साहित्य अनुत्पादक र त्यसैले अनुपयोगी विलासको विषयमात्र भने पक्कै पनि होइन। यो त मानवीय अनुभूति, संवेदना र चेतनाको प्रतिविम्ब पो हो। बाह्रखरी कथा प्रतियोगिताको विजेता घोषणा कार्यक्रमका विशेष अतिथि सिर्जनात्मक लेखनका प्राध्यापक तथा अँग्रेजी उपन्यासकार सम्राट उपाध्यायले भनेजस्तै "साहित्यले मानिसलाई फरक दृष्टिकोणबाट सोच्न र अरूको पीडामा समानुभूति प्रकट गर्न सिकाउँछ।"

'अरूको पीडामा समानुभूति' अनुभूत गर्न सिकाउने साहित्यले समाजको संगति कायम राख्न गरेको योगदानको आर्थिक लेखाजोखा गर्न त सकिँदैन। यत्ति भन्नु अत्युक्ति हुनेछैन – कला साहित्यले नै विश्वलाई 'महाभ्यालखाना' वा 'विशाल गोठ' बन्नबाट जोगाएको छ। यसैले कला साहित्य मानव जीवनका साथै सभ्यताकै निम्ति सञ्जीवनी हो। कलासाहित्य यसरी मूल्यवान् भएपछि स्रष्टाहरू पनि सामान्य त पक्कै हुँदैनन्। तिनले दुनियाँलाई गहिरो आँखाले हेर्छन् र सतहमा नदेखिने कतिपय मानवीय पीडा र खुसी उजागर गरिदिन्छन्। भन्छन् नि, जहाँ न पहुँचे रवि वहाँ पहुँचे कवि। यसैले स्रष्टाहरू समाजका एवं राज्यका सम्मान र स्नेहका पात्र हुन्। नेपालीहरू अहिले विश्वभर पुगेका छन्। तिनले अद्भूत कौशल र प्रतिभा देखाएका पनि छन्। स्वदेश वा विदेश जहाँ रहे पनि नेपाली स्रष्टाले नेपालको प्रतिनिधित्व गरेका हुन्छन्। विदेशमा रहेका स्रष्टा त यथार्थमा नेपालका सद्भावदूत पनि हुन्। तर, राज्य र समाजले पनि यस्ता स्रष्टालाई उचित सम्मान प्रकट गर्न भने सकेको देखिँदैन।

नेपालमा यसो त साहित्य, कला, संगीत, नाटकका लागि विधैपिच्छेका प्रतिष्ठानहरू पनि छन्। नियमित औपचारिकतामा ती सबै सीमित देखिन्छन्। तिनले कला साहित्यको उत्थानमा गरेको योगदान गन्न खोज्दा भने अलमलिनुपर्ने हुँदोरहेछ। यद्यपि, कुनै बेला एउटामात्रै प्रज्ञा प्रतिष्ठान छँदा पनि कलासाहित्यका विभिन्न विधामा निकै सराहनीय काम भएको थियो। प्रतिष्ठानहरूमा नियुक्त प्राज्ञहरूको पात्रता तिनको देखिने योगदानमा आधारित हुन्छ। यस्तै यी प्रतिष्ठानलगायत समाजका विभिन्न क्षेत्रले पनि नेपाली स्रष्टाप्रति स्नेह र सम्मान प्रकट गरेर राज्यको अपनत्व प्रदर्शन गर्न सक्छन्।

राजनीतिक भागबन्डामै भए पनि प्राज्ञ भएपछि त्यसको गरिमा धान्नु पनि पर्छ। प्राज्ञहरूले सिर्जनात्मक योगदान गर्न नसके पनि यस्ता मानवीय व्यवस्थापनमा ध्यान दिए उत्तम हुन्थ्यो। आशा गरौँ, अहिलेका प्राज्ञहरूले कारिन्दाले जस्तो बजेट सक्ने र तलब पचाउनेमा सीमित नभएर आआफ्नो विधाकै मात्र भए पनि उन्नतिका लागि केही गरेर पदचिह्न निर्माण गरेर जानेछन्। यस्तै, नेपाली प्रतिभा जहाँ भए पनि नेपाल राज्यको स्नेह र

## सिरहा र धनुषा...

सोही बमोजिम भासिएको जगलाई दह्रो बनाएर स्लाव लिफ्टिङको काम अब सुरु हुने छ। लिफ्टिङका लागि सम्बन्धित विज्ञ प्राविधिकहरुले भ्रमण तथा निरीक्षण गरी अध्ययन गरी कार्ययोजना बनाइरहेका छन्। पुलको पूर्वतर्फ (सिराहा)को सबस्टक्चर काम सकिएको छ। सिराहातर्फका दुईवटा स्लाव हटाई एउटा जग भासिएकोमा उक्त स्थानमा दुइवटा जग राखी जगसहित सब स्ट्रक्चरको का सकिएको छ। अब प्लेट गडर राख्न बाँकी रहेको छ।

ठेक्काअन्तर्गत रहेका नदी नियन्त्रण तथा पहुँच सडकको निर्माण भने सुरु हुन सकेको छैन। गत असोजमा कमला नदीमा आएको बाढीपछि नदीको धार परिवर्तन परिवर्तन भएको हुँदा डिजाइनको बिषयमा छलफल भइरहेको र डिजाइनको टुंगो लागेपछि निर्माण सुरु हुनेछ। तराई–मधेशको लाइफ लाइनका रूपमा रहेको हुलाकी राजमार्गमा पर्ने कमला पुल निर्माणका लागि २०६८ को जेठमा २४ करोड ९१ लाख (भ्याटसहित)मा पप्पु लुम्बिनी जेभीसँग ठेक्कासम्झौता भएको थियो। सुरुको सम्झौता बमोजिम पुल निर्माण २०७१को मंसिरमा सम्पन्न हुनुपर्ने थियो।

तोकिएको समयमा पुल निर्माण हुन नसकेपछि सातौं पटक थपिएको ठेक्का सम्झौताको म्याद गत असारमा सकिएको थियो। निर्माण व्यवसायीबाट आगामी असारसम्मका लागि म्याद थपका लागि प्रस्ताव पेश भएको छ। हाल ठेक्काको म्याद थपको प्रक्रियामा रहेको छ। हाल बाँकी काम लुम्बिनीले गरिरहेको छ। हालसम्म २० करोड ४३ लाख (भ्याट) सहित भुक्तानी भइसकेको छ।

# बालेन, रवि र कुलमान गठजोडको सैद्धान्तिक पाटो

हामी बहुदलीय व्यवस्थामा छौं। तर, कामनाचाहिँ एउटा मात्रै दल होस् भन्ने गरिरहेका छौं। आफ्नै खुट्टामा, आफ्नै विचारमा र आफ्नै वर्गको सेवामा उभिने पार्टी खोल्ने आँट कसैले गरिरहेको छैन।

**अरूण बराल**



अचेल चिया पसलमा समेत सुन्न थालिएको छ–बालेन शाह, रवि लामिछाने र कुलमान घिसिङहरू मिल्नैपर्छ। तीनैजना मिलेर चुनावमा जानुपर्छ अनि नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी जस्ता पुराना दललाई धूलो चटाएर बहुमतको सरकार बनाउनुपर्छ। एउटै नयाँ दल भएर चुनावमा जानुपर्छ, अलग–अलग जानु हुँदैन।

बालेन, रवि र कुलमानहरू मिल्नैपर्छ र पार्टी एकता गर्नैपर्छ भनेर मत प्रकट गर्ने एक सर्वसाधारणलाई यस पंक्तिकारले सोध्यो– बहुदलीय व्यवस्थामा यी तीनैजनाले आ–आफ्नै पार्टी बनाएर चुनावमा जाँदा हुँदैन ? जवाफ आयो– आम्मै ! त्यसो गऱ्यो भने त यिनै कांग्रेस एमालेहरूले नै फेरि चुनाव जितिहाल्छन् नि ! एउटै पार्टी बनाएर जानुपर्छ। पंक्तिकारले फेरि सोध्यो– त्यसो भए कांग्रेस, एमाले र माओवादीले पनि एउटै पार्टी बनाएर, पार्टी एकता नै गरेर चुनावमा जान सम्भव छ त ? पार्टी भनेको त एउटा निश्चित विचारका आधारमा देशलाई दीर्घकालीन रूपमा अगाडि बढाउनका लागि बन्ने संस्था होइन र ? कि पार्टी भनेको चुनावमा अर्कोलाई हराउने र सत्तामा पुग्ने गणितीय खेलो फड्को मात्रै हो ? एउटा मात्र नयाँ पार्टी खोजिरहेका ती सम्वादकर्ता धेरै बोलेनन्। मनको भाव पोख्दै यत्ति भने– यी ओली, देउवा प्रचण्डहरूलाई जसरी भए पनि हराउनु पऱ्यो सर। यिनीहरूले देश बर्बाद बनाए।

आजको मितिसम्म बालेन, रवि र कुलमान घिसिङका आ–आफ्नै पार्टीहरू छन्। ती पार्टीको लक्ष, उद्देश्य र सिद्धान्त के हो ? भोलि चुनाव जितेपछि गर्ने कामहरू के–के हुन् ? उनीहरूको वर्गीय पक्षधरता के हो ? शासकीय स्वरूप, राज्य प्रणाली र राज्य सञ्चालनको नीति र विधि के हो ? यी प्रश्नहरूमाथि छलफलै नगरी कांग्रेस–एमालेलाई हराउन वा उनीहरूमाथि रिस पोख्नका लागि मात्रै एकता गर्ने हो भने नयाँ गठबन्धनले चुनाव त जित्ला तर जितेपछि के गर्ने ? नयाँ पार्टीले लिने कार्यक्रम र नीतिका विषयमा हामीबीच पर्याप्त छलफल र बहस हुन सकेको देखिँदैन। युवा पुस्तामा यत्तिमात्रै हुट्हुटी छ, नयाँहरू मिलुन् र पुरानालाई हराउन्। तर, हराएपछि के गर्ने ? अगाडिको बाटोबारे खासै बहस भएको छैन। बरु, अलमल छ।

### रवि लामिछानेमाथि प्रश्न

रवि लामिछाने जुझारु क्षमता भएका व्यक्ति हुन्। उनीसँग आँट पनि छ, जोश पनि छ। अचम्मको 'डोपामिन' छ उनीभित्र। उनलाई कार्यकर्ता र समर्थकहरूको बलियो साथ पनि छ। आफ्नो निर्वाचन क्षेत्र चितवनमा उनी ढुक्क छन्। र, अहिलेको परिस्थितिले रविलाई राम्रैसँग साथ पनि दिएको छ। यो अवस्थामा रवि लामिछाने कांग्रेस–एमालेलाई चुनौती दिन सक्ने बलिया पात्र हुन् भन्नेमा शंका छैन। उनी कुलमान, बालेन लगायत धेरै नेताहरूलाई सँगै लिएर अघि बढ्न सक्ने क्षमता राख्छन्। तर, रवि लामिछानेसँग फ्यान फलोअर्स र अवसरहरू मात्र छैनन्, यक्ष प्रश्नहरूको घेराबन्दी पनि छ।

रवि लामिछानेलाई पनि धेरै मानिसहरूले पुरानै पार्टीका शीर्षनेता (ओली, देउवा र प्रचण्ड) सँगै राखेर हेरिरहेको अवस्था छ। ०७९ को चुनाव जितेपछि उनले के–के गरे ? सरकारमा जान केपी शर्मा ओलीसँग किन गठबन्धन गरे ? त्यसयता देशका विभिन्न सहकारीमा उनी किन मुछिए ? के यसमा रवि दूधले धोएकै व्यक्ति हुन् ? के उनलाई ओली सरकारले निराधार आरोप लगाएको हो ? उनलाई विभिन्न अदालतले किन धरौटी राख्न लगाए ? अन्तिममा उनी आफैंले आफ्नो 'भागमा पर्न सक्ने' बिगो तिरेर काराबारबाट निस्किएका हुन् या अदालतले उनलाई सहकारी ठगीमा निर्दोर्षिताको प्रमाणपत्र दिइसकेको हो ?

यसरी विभिन्न अदालतमा मुद्दैमुद्दा भएको व्यक्तिमा भोलि भ्रष्टाचारविरुद्ध अभियान चलाउने नैतिक बल कहाँबाट आउँछ ? जीबी राई अहिलेसम्म किन पक्राउ परेका छैनन् ? ग्यालेक्सी टीभीमा कार्यरत पत्रकारको तलब कहिले निकासा हुन्छ ? यस्ता विविध प्रश्नहरूको घेराबन्दीमा छन् रवि लामिछाने। भैरहवा काराबारबाट विगो जरिवाना तिरेर बाहिर निस्कँदै गर्दा रवि कुनै युद्ध जितेर आएको शैलीमा थिए। चितवन, काठमाडौं लगायतका ठाउँमा उनका भाषण सुन्दा भावावेग र गालीबाहेक केही सुनिएन। उनी नरमरूपमा प्रस्तुत भएनन्। अर्कालाई गाली मात्रै गरे। तर, सहकारीको विषयमा उनी खासै बोलेनन्।

सहकारी पीडितहरूका बारेमा बोलेनन्। विगतमा आफूले धेरै भूल गरेको थिएँ कि ? आत्मालोचनाको 'आ' सम्म निस्किएन उनको मुखबाट। उनले अदालतप्रति सम्मान गरौं, आलोचना नगरौं भनेर कार्यकर्तालाई भनेनन्। उनमा यस्तो दम्भ देखियो कि मानिलिऊँ उनी अहिल्यै सिकन्दर भइसके। त्यसैले अज्ञात शत्रु खडा गरेर उनले त्यसमाथि हवाइ फायर गरे। के उनको यो प्रस्तुतीले जेनजी पुस्ताबमाट खोजिएको नेताको अभाव पूर्ति होला ? यो बहसको विषय हो। भनिन्छ, प्रेमीसँग शब्द सकियो भने एक अर्कालाई चुम्बन गर्छन्, नेतासँग शब्द सकियो भने अरूलाई गाली गर्छन्। जुन नेतासँग शब्द सकिएको हुँदैन, उसले आफ्नो भाषणमा कसैलाई गाली नगरिकन आगामी दिनमा देशलाई कता लैजाने भन्ने सिर्जनात्मक ढाँचा प्रस्तुत गर्छन्।

आफ्ना आलोचकहरूलाई गाली गर्न र घृणात्मक अभिव्यक्ति दिनका लागि रवि लामिछाने पनि केपी ओलीभन्दा कम छैनन्, बरू बढ्दै छन्। विपक्षीहरूप्रति उनको व्यवहार लोकतान्त्रिक हुने गरेको छैन। मूल धारको मिडियालाई हेर्ने नजर पनि पूर्वाग्रही छ। '१२ भाइ' को बिल्ला भिराएर पत्रकारितालाई बदनाम गर्ने उनै हुन्। यति मात्र होइन, पार्टी सञ्चालनमा पनि रविमाथि केपी ओलीकै शैली अपनाएको आरोप लाग्ने गरेको छ। मुकुल ढकाल त्यसै भनेर पार्टीबाट निस्किए। पछि, सुमना श्रेष्ठको विद्रोह पनि यही कुरासँग सम्बन्धित छ। आफूमाथि मुद्दा लाग्दा परिवारका सदस्यलाई खटाएर पूर्वन्यायाधीश भेट्न लगाई भनसुन गराउने अनि अदालतमा राजनीतिक हस्तक्षेपको भरमग्दुर प्रयास उनले गरेको हुनाले स्वतन्त्र न्यायालयप्रति पनि रविको प्रतिबद्धतामा शंका छ।

आफूलाई रिस उठेकै आधारमा मानिसहरूमाथि पक्राउ गरेर मुद्दा चलाउने र बदनाम गर्ने प्रकरणमा उनले गृहमन्त्री हुँदा हात हालेको कुरा कैलाश सिरोहियाको गिरफ्तारी प्रकरणबाटै स्पष्ट हुन्छ। जेनजी आन्दोलनको मुल मुद्दा सुशासन, पारदर्शिता र कानूनको शासन स्थापित होस् भन्ने हो। सहकारी ठगीमा अदालतबाट धरौटीमा छुटेको व्यक्तिले पार्टी नेतृत्वको जिम्मेवारी सम्हाल्ने, चुनावमा लड्ने अनि सरकारको नेतृत्व गर्ने भन्न मिल्छ ? कि त्यस्तो स्थितिको मानिसले नैतिकताको आधारमा कुनै पनि जिम्मेवारीमा रहन्न भनेर न्यायालयको अन्तिम फैसला कुर्नुपर्छ ? यहाँनेर जेनजी आन्दोलनको स्पिरिट र रवि लामिछानेको सक्रियताबीच अन्तरविरोध देखिन्छ। तर, सुशासनको चर्को कुरा गर्दै आफूलाई जेनजी आन्दोलनको अगुवा हुँ भन्ने व्यक्तिले नै जेलमा गएर रवि दाइ भेट्ने, उनको रिहाइका लागि दबाब दिने र अहिले काँधमा बोकेर हिँड्ने प्रवृत्तिले 'जेनजी' समूहतिर पनि प्रश्न तेर्स्याएकै छ।

यसरी प्रश्नै प्रश्नको घेरामा परेका रवि लामिछानेले भोलि बहुमत नै ल्याए वा प्रधानमन्त्री नै बनिहाले भने पनि देशमा सुशासन आउला भनेर कसरी विश्वास गर्ने ? आगामी चुनाव रविकै पार्टीले जित्ला, त्यसमा शंका नगरौं। तर, जितेपछि उनले के गर्लान् ? त्यसमा चाहिँ शंका छ। राजनीतिकरूपमा पनि रविको लाइन तरल देखिन्छ। विगतमा उनको दलले प्रदेशसभाको चुनाव नै बहिस्कार गरेको थियो। त्यही कारण आदिवासी, जनजाति, मधेसीलगायत उत्पीडित समुदायले रविमाथि विश्वास गर्न सकेका छैनन्। यही कारण उनको दल मधेसमा अरूतिर भन्दा कमजोर छ।

आगामी दिनमा संघीय प्रणालीप्रति रविको पार्टीको प्रतिवद्धता रहन्छ कि रहँदैन ? अब उनी 'दक्षिणपन्थ मनपराउने लोकप्रियता'को बाटोतिर लाग्छन् या सीमान्तकृत समुदायलाई विश्वासमा लिएर अघि बढ्छन् ? यहाँनेर पनि रवि लामिछाने दोबाटोमा उभिएको प्रतीत हुन्छ। अब सांसदका उम्मेद्वारहरू छनोट गर्दा नयाँ दलले पनि पुरानै पार्टीको पारा अपनाउँछन् या नयाँ विधि प्रयोग गर्छन् ? यो पनि हेर्न लायक विषय हो। रास्वपाको झण्डा साथमा राखेर एकजना नेकपा एमाले नेताका सन्तानले अहिलेदेखि नै 'म समानुपातिक उम्मेदवार' भन्दै फेसबुकमा प्रचार गरिरहेको देखिन्छ। 'नेपो बेबी' विरुद्ध आन्दोलन छेडेको जेनजी पुस्ताले चाहेको यही हो त ? के फेरि पनि तरमारा वर्गलाई नै संसदमा पठाउन चाहेको हो ?

नयाँतिर लागेर तर मार्न पाइने आशमा धेरैजना अवसरवादीहरू अहिलेदेखि नै लाइनमा उभिइसकेका छन्। अब तिनै अवसरवादीहरूको बुई चढेर संसदमा पुग्दा कस्तो नयाँपन आउला ? त्यो पनि संशयकै विषय छ।

### बालेन शाहमाथि प्रश्न

काठमाडौं महानगरपालिका मेयर बालेन शाहचाहिँ रवि लामिछानेजस्तो विवादमा नपरेका, अहिलेसम्म आर्थिकरूपमा स्वच्छ छवि भएका व्यक्ति हुन्। उनी अहिलेसम्म कुनै भ्रष्टाचार काण्डमा मुछिएका छैनन्। महानगरमा पनि उनी केही स्वाभावजन्य प्रश्नमा बाहेक विवादमा परेनन्। बरू महानगरमा उनले गरेका कामलाई लिएर जनतामा सन्तुष्टि नै देखिएको छ। कम बोल्ने, अन्तरमुखी स्वाभावका बालेन

शाहको छवि राम्रै देखिन्छ। विदेशमा समेत उनको नाम छ। बोलेर भन्दा काम गरेर देखाउनुपर्छ भन्ने उनको शैली देखिन्छ। तर, उनले अहिलेसम्म राजनीतिक दल बनाएका थिएनन्।

बालेनले पार्टी खोलून् भन्ने धेरैको चाहना थियो। अहिले आएर उनी राजनीतिमा हाम्फाल्न खोजेको देखिन्छ। बालेनले आफ्नै नेतृत्वमा पार्टी बनाए भने उनले उपत्यका लगायत धेरै ठाउँबाट राम्रो पोजिसन ल्याउने देखिन्छ। तर, उनले आफ्नै खुट्टामा उभिएर पार्टी चलाउँछन् या रवि लामिछानेसँग मिल्छन् भन्ने प्रश्नले नयाँ राजनीतिक प्रश्नहरू जन्माएको छ।

बालेनसँग आफ्नै दल खोलेर अघि बढ्ने वा देशैभरिका निर्वाचन क्षेत्रहरूमा रवि, कुलमान आदिसँग चुनावी तालमेलमात्रै गर्ने विकल्प पनि नभएको होइन। तर, उनले कुन नीति लिन्छन्, त्यसैले बालेनको आगामी राजनीतिको बाटो तय गर्ने छ।

रविसँग मिल्दा बालेन भौतिक हिसाबले शक्तिशाली हुनेछन्। तर, विवादमा परेको व्यक्तिसँग मिलेकोमा उनीमाथि नैतिक प्रश्न पनि उठ्न थाल्ने छ। त्यसका संकेतहरू अहिलेदेखि नै देखिइसकेका छन्। पछिल्लो समय बालेन शाहमाथि केही प्रश्न उठेका छन्। राति सामाजिक सञ्जालमा 'सिंहदरबार जलाइदिन्छु' भनेर लेख्नु, अदालतविरुद्ध पनि बेलाबखत अभिव्यक्तिहरू दिनु, महानगरमा अरूलाई समन्वयन गर्न नसकेको आरोप लाग्नु अनि सम्वाद र सार्वजनिक बहसहरूमा सहभागी हुन नरुचाउनु जस्ता आरोपहरू उनीमाथि लाग्ने गरेका छन्। खासगरी जेनजी आन्दोलनपछि उनका आलोचकहरू बढेका छन्। शायद यही रक्षात्मक पोजिसनले गर्दा उनी रवि लामिछानेसँग सम्झौता गर्न तयार हुन लागेका हुन्। यति मात्रै नभएर बालेन शाहको वर्गीय पक्षधरतामाथि पनि तल्लो वर्गले प्रश्न र गुनासो गर्दै आएको छ। उनी जनताका नेता भन्दा पनि साउथ एसियन फिल्मको 'हिरो' जस्तै प्रतीत हुन्छन्।

बागमतीका सुकुमबासीलाई बलपूर्वक हटाउन खोजेको उनीमाथि आरोप छ। शायद ०७९ चुनावमा उनलाई बागमती किनारका सुकुमबासीहरूले पनि मत दिएका थिए, तर पनि उनीसँग रिसाए। यसको असर आगामी चुनावमा देशैभरिका सुकुमबासीमा पर्न सक्छ। यो हेर्दा सानो कुराजस्तो देखिन्छ, तर महत्वपूर्ण वर्गीय प्रश्न हो। सुमन सायमीजस्ता काठमाडौंका कोर नेतासमेत बालेनसँग चिढिएको अवस्था छ। सडक विस्तारका क्रममा घर भत्किएकाहरू पनि उनीसँग रिसाएका छन्। तथापि, काठमाडौंमा बालेनको पक्षमा अहिले पनि राम्रो मत छ। विगतमा रवि लामिछाने र बालेनबीच चुनावी सहकार्य भएन। किनभने, बालेन र रविको स्वाभाव पनि मिल्दैनथ्यो, छवि पनि फरक थियो।

**कुलमान घिसिङको बेग्लै धरातल**

कुलमान घिसिङ, रवि लामिछाने र बालेन शाह आपसमा मिल्न लागेको सुन्दा कतिपय प्रश्नहरू जन्मिन्छन्। जस्तो– कुलमानको उज्यालो नेपाल पार्टीमा पूर्वी नेपालको पहिचानवादी टिम पनि मिसिएको छ, डा. महेन्द्र लावतीहरूको नेतृत्वमा। पाथीभरामा पहिचानको आन्दोलनमा सरिक भएको यो समूहले कुलमान घिसिङको नेतृत्वमा पहिचानको मुद्दा अघि बढाउन सकिने ठानेको छ। साथै, देशभरिका आदिवासी जनजातिहरू कुलमानको पार्टीमा जान सक्ने सम्भावना त्यसले दिएको छ। तर, रास्वपासँग गत मध्यावधि चुनावमा इलाममा भएको बहसलाई हेर्ने हो भने पहिचान बर्सेस रास्वपा जस्तो थियो।

यहाँनेर प्रश्न उब्जन्छ– रवि र कुलमानको एकताले रास्वपालाई पहिचानवादी बनाउने छ या कुलमान र महेन्द्र लावतीहरूलाई प्रदेशको आलोचक बनाउने छ ? कुन वैचारिक एजेण्डाका आधारमा कुलमानले पूर्वको पहिचानवादी आन्दोलनलाई रवि लामिछानेको रास्वपासँग मिलाउलान् ?

अथवा, कुलमानमाथि यो पनि प्रश्न उब्जने छ कि उनी अब उत्पीडित समुदायको मुद्दामा केन्द्रित हुनेछन् या 'दक्षिणपन्थी लोकप्रियतावाद'को बुई चढेको शक्तिसँग सम्झौता गर्न पुग्नेछन् ? कुलमानले आफ्नै खुट्टामा उभिने स्वतन्त्र राजनीतिक दल खोलेर चुनावमा जाने आत्मविश्वास किन लिन सकेनन् ?कुराकानीको सिलसिलामा एकजना मित्र एक महिना अगाडि यो पंक्तिकारसँग भन्दै थिए, 'नेपालका आदिवासी जनजातिहरूले अहिलेसम्म आफ्नै पार्टीलाई भोट हाल्न पाएका छैनन्। उनीहरूले कहिले कांग्रेस र एमाले त कहिले माओवादीलाई जिताए। तर, यसपालि जनजातिहरूले आफ्नै पार्टीलाई भोट हाल्न पाउने भए।' यो पंक्तिकारले सोध्यो– कुन पार्टी ? जवाफ आयो– उज्यालो नेपाल पार्टी। के अब आदिवासी–जनजाति एवं पहिचानवादीहरूले रवि लामिछाने र बालेन शाहलाई भोट हालेर चित्त बुझाउनुपर्ने स्थिति आउन लागेको हो ? शायद यसको जवाफ समयले कुलमान घिसिङ र महेन्द्र लावतीहरूसँग खोज्ने छ। पहिचानवादीहरू कुलमानसँग रिसाए भने पूर्वी पहाडमा हर्क साम्पाङ बलियो हुनेछन्।

**अन्त्यमा,**

निकट विगतमा पुराना पार्टीहरूबीच विभिन्नखालको गठबन्धन बनेकै हो। कहिले एमाले र माओवादी। कहिले कांग्रेस र माओवादी। कहिले कांग्रेस र एमाले। अनि, कहिले माओवादी–एमाले र रास्वपा। देशलाई चाहिएको जनताको पक्षमा काम गर्ने इमान्दार राजनीतिक दल हो या सत्ताका लागि हुने नयाँ गठजोड ? चुनावमा जनताको मुद्दा र एजेण्डा प्रधान हुन्छ या जीतको दाउपेच ?

---

# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

**धनगढीमाई नगरपालिका भित्रका अभिलेखीकरण गर्न छुट भएका घर नक्सा तथा भौतिक संरचनाहरुको अभिलेखीकरण गर्ने सम्बन्धीअत्यन्त जरुरी सूचना ।**

मिति २०८२।०९।११ गते

यस धनगढीमाई नगरपालिकाका नगरवासीहरुको सुविधालाई ध्यानमा राखी धनगढीमाई नगरपालिकाको १४औं नगरसभा मिति २०८२।०७/२६ गतेको निर्णयानुसार यस नगरपालिका क्षेत्र भित्र नगरपालिका स्थापना हुनु भन्दा पहिले निर्माण सम्पन्न भएका वा नगरपालिका स्थापना भै सकेपछि नगरपालिकाबाट स्वीकृति लिई वा नलिई, नक्सा पास नभएको वा पास भएको नक्सामा स्वीकृति वेगर आफू खुसी हेरफेर गरी बनाइएका, राष्ट्रिय भवनसंहिता र मापदण्ड पालना गरी वा नगरी निर्माण सम्पन्न भएका घर तथा अन्य भौतिक संरचनाहरुको संरचनागत ( Structural) सुरक्षाको जिम्मेवारी स्वंय घरधनीमा रहने गरी घर नक्सा अभिलेखीकरणको लागि नगरवासीहरुलाई यो अन्तिम पटक मौका प्रदान गरिएको छ यस्तो मौका फेरी फेरी नआउने भएको हुदाँ यो सूचना प्रकाशन भएपछि नगरपालिकाको राजश्व शाखामा रु.५००।– नगद तिरी नक्सा किताब प्राप्त गरी नक्सा किताबको विवरणहरु भरी निम्न शर्तहरु पालना गरी आवश्यक कागजातहरु संलग्न राखी नक्सा किताब साथ घर वा अन्य भौतिक संरचनाहरुको नक्सा चालु आ.ब.को आर्थिक मसान्त भित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नुहुन सम्पूर्ण सरोकारवाला नगरवासीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्त तथा आवश्यक कागजातहरु:

- नेपाली नागरिकता प्रमाण–पत्रको प्रतिलिपी १ प्रति
- जग्गाधनी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी – १ प्रति
- जग्गाको नापी कार्यालयबाट प्रमाणित पूर्ण नक्सा/फाईल/ट्रेस नक्सा – १ प्रति
- जग्गाको चारकिल्ला खुलेको प्रमाणपत्र प्रतिलिपी १ प्रति
- सम्पत्ती तथा भूमीकर तिरेको रसिदको प्रतिलिपी १ प्रति
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र १ प्रति
- जग्गाधनीको पासपोर्ट साईज रंगीन फोटो २ प्रति
- घर वा भौतिक संरचनाको रङ्गीन फोटो ७ क्ष्शभ – १ प्रति
- ईन्जिनियरिङ्ग ऋयलकगतिबलअथ बाट तयार पारिएको घरनक्साहरु यस कार्यालयमा आ.ब.२०८२।०८३ मा सूची दर्ता भएका ऋयलकगतिबलअथ हरुबाट तयार भएको हुनु पर्नेछ।
- घर नक्सा पास/नियमित अभिलेख दर्ता वापतको राजश्व रकम नगरपालिकाको तोकिएको दरमा घर नक्साको कूल क्षेत्रफलको आधारमा बुझाउनु पर्नेछ।
- घर नक्सा तयार गर्ने प्राविधिकको नेपाल ईन्जिनियरिङ्ग Council मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ।
- रित पूर्वक पेश नभएका तथा समय सीमा नाघेर पेश हुन आएका घर नक्साहरु अभिलेखीकरण हुने छैनन्।
- यो सूचना प्रकाशन भए पछि पनि नक्सा पास नगरी अटेर गरी बनाइएका घर तथा भौतिक संरचनाहरु अभिलेखीकरण हुने छैनन्। त्यस्ता घर तथा भौतिक संरचनाहरु निर्माण भएको भेटिएमा नियमानुसार कारवाही हुनेछ।
- घरधनीको नाममा नै नक्सा किताबको रसिद काटिएको हुनुपर्नेछ। एउटा व्यक्तिको नाममा बुझाएको राजश्व भौचर संलग्न गरी अर्को व्यक्तिले घर नक्सा पेश गर्न पाउने छैन।

**प्रमुख प्रशासकीय अधिकृत**

---

*सत्यनारायण ...*

दुई बहिनापछि नै काठमाडौंबाट फर्के। फर्केर उनी दुई वर्ष लागातार गाउँमै बसेर निर्माण मजदुरको काम गर्दै, त्यसबाट आएको मजदुरीले घर खर्च र पाठ्यपुस्तक खरिद गर्दै 'इन्ट्रान्स' तयारीमा लागे, परीक्षा दिए, सफल पनि भए। प्रवेश परीक्षा पासभएसँगै साफीको जीवनमा/परिवारमा एकैसाथ खुशी र चिन्ता छाएको छ। छात्रवृत्ति पाउँदा पनि पढाई शुल्क बाहेक बसोबास, खानपान, यातायात, अध्ययन सामग्री आदीमा थप ठूलो धनरासी खर्चीनु पर्छ। उनी र उनका परीवार त्यहि धनरासी कसरी जोहो गर्ने चिन्तामा छन्।

कृषि मजदुरी गरेर सत्यनारायणका बुबाले तीन छोरी, दुई छोरा र आफू श्रीमान श्रीमतीसहित सातजना परिवारको जीबिका चलाई रहेका छन्। एक्लो बुबाको मजदुरीले मुस्किलले परीवारको हातमुख जोडिन्छ। सत्यनारायणका बुबा मधुरी साफीले भने, 'छोराले मेहनत गरेर डाक्टरी पढ्ने भनेर नाम निकाले, यसको पढाई कसरी पुरा गर्ने भन्ने चिन्तामा छु।' उनले थपे, 'सरकारले सहयोग गरेन भने हामी गरिबको छोरा छोरीले पढ्न सक्दैनन्। म मेरो छोराको पढाईको व्यवस्था मिलाईदिन सरकारलाई आग्रह गर्छु।'

सत्यनारायणकी आमा सुनिता साफीले भनिन छोराको सफलतामा खुलेर खुशि पनि हुन सकिएको छैन। उनले भने, 'छोराले ठूलो सफलता हासिल गरेको छ, यो सफलतामा राम्रोसँग खुशी पनि हुन सकिको छैन। नाम निस्किएको भन्ने सुनेकै दिन देखि उनको पढाई कसरी पुरा गर्ने होला भन्ने चिन्ताले राम्रोसँग निदाउन पनि सकिएको छैन।' सम्पतीको नाममा साढेचार धुर 'गाउँब्लक'को घडेडी र केहीथान बाखाबाहेक केही छैन। तर, यति कठिन परिस्थितिका बावजुद पनि साफीको आत्मविश्वास डगमगाएको छैन। आमा सुनिताले छिमेकीसँग ८० हजार रुपैयाँ ऋण–सापटी लिएर उनले पढ्न पाएको राप्ती स्वास्थ्य विज्ञान प्रीतष्ठान, दाङमा नामाङ्कन गराएका छन्।

सत्यनारायणका परिवारको अवस्था कमजोर भएपनि उनको मनोबल भने उच्च छ। उनी भन्छन्, 'मेरो पढाईमा आजसम्म बुबाआमाले हाम्रो आर्थिक हैसियत भन्दा ठूलो लगानी गर्नु भएको छ मैले आफैपनि पछिल्लो दुई वर्षले मजदुरी गरेरै पढाई गरिरहेको थिएँ अवको दिनमा मेरो पढाईको लागि परीवार र राज्यले सहयोग गर्छ भन्ने विश्वास छ। म आफैपनि मेहत गरेर चिकित्सक बन्ने सपना पूरा गर्छु।' सत्यनारायणको सफलताले पूरै गाउँमा खुशीको माहोल सृजना भएको छ। स्थानीयहरूका अनुसार उनको पढाई प्रतिको लगाव र सफलता गाउँका अन्य युवाका लागि प्रेरणा बनेको छ। स्थानीय एकलाल यादवले भने, 'सत्यनारायणको सफलताले हामीलाई गर्व महसुस गराएको छ। आवश्यक परे हामी पनिसहयोग गर्न तयार छौं।'

गाउँलेहरुले पनि सकेको सहयोग गर्ने श्यामकुमार यादवले थपे। उनले भने, 'सत्यनारायणको पढाई पुरा गराउनु पहिलो दायीत्व राज्यको हो। राज्यले गरिव, दलितको पढाईको ग्यारेन्टी गर्नु पर्छ। हामीले पनि सकेको सहयोग गछौं।' मजदुरीबाट मेडिकल शिक्षाको यात्रा आरम्भ गरेका सत्यनारायण साफी आफूले देखेको सपना पुरागर्न निरन्तर अध्ययन, संघर्ष, धैर्यताको प्रतिक बनेका छन्। उनी सपनाका 'उडान' भर्न कस्सियका युवाहरुका आदर्श सावित भएका छन्। उनको यो यात्राले हजारौं युवालाई परिस्थितिसँग सामनागर्ने प्रेरणा मिल्ने छ।

# मेसिन विस्फोट हुँदा एक जनाको मृत्यु, छ घाइते

प्रवीण कुमार शर्मा

रौतहट, १२ पुस। रौतहटको कटहरिया नगरपालिका –९ डुमरियामा रहेको ज्योती डिस्टिलरीमा भएको विस्फोटमा एक जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन्। शनिबार बिहान ८:३० बजेको समयमा डिस्टिलरीमा रहेको बोइलर नाम गरेको मेसिन अचानक विस्फोट हुँदा डिस्टिलरीका कामदार रौतहट कटहरिया ८ का ४५ वर्षीय लक्ष्मण राय यादवको घटना स्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक बिष्णु प्रदिप बस्यालले जानकारी दिनुभयो। सोही घटनामा डिस्टिलरीमा काम गर्ने सोही ठाउँका ४५ बर्षिय रहमोद आलम, ३५ वर्षीय प्रमजित यादव, ५१ बर्षिय जगदिश यादव, ५५ बर्षिय बिगन यादव, ४० बर्षिय कैलाश माली र गरुडा नगरपालिका ९५ महमदपुर बस्ने ४० बर्षिय मुकेश यादव घाइते भएको उहाँले बताउनुभयो। घाइतेहरुलाई उपचारको लागि बिरगञ्ज पठाइएको छ। लापरवाहीले भएको यस दुःखद घटनाको निष्पक्ष छानबिनको लागि उहाँले माग गर्नु भएको छ।

# धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

मिति २०८२।०९।११ गते

श्री फर्म/कम्पनी/सप्लायर्स (सबै),
धनगढीमाई नगरपालिका,
धनगढी, सिरहा।

**विषयः निजी जग्गाको खानीजन्य पदार्थ (ग्राभेल) उत्खन्न अनुमति सम्बन्धमा ।**

प्रस्तुत् विषयमा आर्थिक वर्ष २०८२।०८३ मा यस नगरपालिका अन्तर्गतका वडाहरुबाट निजी जग्गाको खानीजन्य पदार्थ (ग्राभेल) उत्खन्न अनुमतिको लागि मिति २०८२।०९।११ गतेको कार्यपालिकाको निर्णय र धनगढीमाई नगरपालिकाको निजी जग्गाको माटो, ग्राभेल वा अन्य निर्माणजन्य पदार्थको उत्खन्न ओसारपसार तथा बिक्री वितरण गर्न अनुमति प्रदान गर्ने कार्यविधि, २०७६ को दफा २.२ बमोजिम निजी जग्गाबाट खानीजन्य पदार्थ (ग्राभेल) उत्खन्न अनुमतिको लागि मिति २०८२।०९।११ गते देखि ७ (सात) दिनभित्र यस नगरपालिकाको कार्यालयमा तपसिलमा उल्लेखित विवरण सहित निवेदन पेश गर्न हुन सूचित गरिन्छ।

**आवश्यक कागजातहरु:**

१. जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रतिलिपि (फर्म/कम्पनी भएमा दर्ता, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि),
३. सम्बन्धित वडाबाट चारकिल्ला खुलेको सिफारिस-पत्र,
४. मालपोत तिरेको रसिदको प्रतिलिपि,
५. जग्गाको कित्ता नम्बर खुलेको नाप नक्साको प्रतिलिपि,
६. माछा पोखरी निर्माणको हकमा, कुनै निकायको सिफारिस आवश्यक पर्ने भएमा, सो निकायको सिफारिस पत्र,
७. उत्खन्न गर्न प्रस्ताव गरिएको जग्गाका संधियारका जग्गाधनिको सहमति,
८. ग्राभेल माटो उत्खन्न गरी बिक्री वितरण गर्नेको हकमा प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सूची (TOR)।

**प्रमुख प्रशासकीय अधिकृत**


# सप्तरीमा लागुऔषध ब्राउनसुगर सहित तीन जना पक्राउ

**विनय कर्ण**

सप्तरी, १२ पुस। सप्तरी प्रहरीले लागुऔषध ब्राउनसुगर सहित तीनजनालाई नियन्त्रणमा लिएको छ। प्रहरीले जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ८ तोपा बजारबाट शुक्रबार ब्राउनसुगर सहित तीनजनालाई नियन्त्रणमा लिएको हो। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको टोलीले प्र.१-०४-००१ ज ००४५ नम्बरको गाडी चेक जाँच गर्नेक्रममा मोरङको बेलबारी नगरपालिका वडा नम्बर ४ चुम्मा डाडा घर भई हाल विराटनगर महानगरपालिका ४ जामुनगाछी बस्ने ३२ वर्षीय अनुरोध निरौलाको साथबाट २०५.८ ब्राउनसुगर फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो।

निरौलासँगै गाडी चालक विराटनगर १७ रानीटोल बस्ने ३७ वर्षीय रजप आलम र सोही ठाउँका वडा नम्बर ४ जामुन गाछी बस्ने २१ वर्षीय निकेश कुमार शर्मालाई नियन्त्रणमा लिइएको उहाँले बताउनुभयो। पक्राउ पर्नुभएको तीनैजना उपर लागुऔषध कारोबार ऐन अनुसार कारबाही हुने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# बालेनको प्रस्तावप्रति रास्वपा असहमत

काठमाडौं, १२ पुस। शनिबार निर्णायक वार्ता हुने भनिएको रास्वपा र काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह नेतृत्व टिम बिचको निर्णायक वार्ता अनिश्चित भएको छ। शुक्रबार अबेरसम्म दुई पक्षीय छलफलमा बालेन पक्षले ५०-५० प्रतिशतको पावर सेयरिङको प्रस्ताव राखेपछि वार्ता अनिश्चित भएको हो। 'हिजोको दुई पक्षीय बैठकमा बालेनको पक्षबाट ५०-५० प्रतिशत पावर सेयरिङको कुरा आयो त्यसमा सहमत हुन सकिएन, सभापति रवि लामिछानेलाई बनाउने र भावी प्रधानमन्त्रीमा बालेनलाई प्रस्ताव गर्ने मोटामोटी सहमति भएको छ। तर केन्द्रीय समिति र प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारी छनोटमा आधा आधा हिस्सा दाबी गरिएपछि त्यसमा सहमत हुन सकिएको छैन' श्रेष्ठको दाबी छ।

शुक्रबार वार्तामा सहमति हुन नसकेपछि बालेनले उन्यालो नेपालका संरक्षक कुलमान घिसिङसँग छलफल गरेर फेरि वार्तामा बस्ने भनिएको तर अहिलेसम्म कुनै खबर नआएको रास्वपा पक्षको भनाइ छ। शनिबार बिहान मात्र कुलमान र बालेन समूहबिच छलफल भएको थियो। बिहानको छलफलमा पनि दुवै पक्षले ठोस प्रस्ताव बाहिर ल्याएका छैनन्।

रास्वपा पक्षले आज बालेनसँग बस्ने भनिए पनि छलफलको कुनै टुङ्गो नलागेको श्रेष्ठले बताएको छ। 'हामीले आज कुनै समूहसँग पनि छलफल गरेका छैनौं। रवि र बालेनबिच पनि छलफल हुने कुनै सम्भावना छैन। बालेन पक्षबाट खबर आएमा बस्न पनि सकिन्छ । समानुपातिकको बन्द सूची बुझाउने समय १४ गतेसम्म भएकोले हतारिनुपर्ने आवश्यकता पनि देखिँदैन' श्रेष्ठले भन्यो। बालेन समूहले भने कुलमानको प्रतीक्षामा रहेको बताएको छ भने रेशम चौधरी र सिके राउतलाई पनि समेट्नुपर्ने प्रस्ताव राखेको छ।

# लहानमा साक्षर वडा घोषणा तयारीबारे सरोकारवालासँग अन्तरक्रिया सम्पन्न

लहान, १२ पुस। लहान नगरपालिका-२३ स्थित मिथिला सामुदायिक सिकाइ केन्द्रको आयोजनामा वडाको शैक्षिक उन्नयन तथा साक्षर वडा घोषणा सम्बन्धी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा जिल्ला शिक्षा समन्वय समिति (जिसस) प्रमुख, वडा जनप्रतिनिधि, विद्यालयका शिक्षक-शिक्षिका, अभिभावक तथा सामाजिक अभियन्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो। अन्तरक्रिया कार्यक्रममा वडाभित्रको साक्षरता अवस्था, विद्यालय पहुँच, विद्यार्थी टिकाउपन, शैक्षिक गुणस्तर सुधार र समुदायको भूमिकाका विषयमा विस्तृत छलफल गरिएको थियो। सहभागीहरूले साक्षरता अभियानलाई प्रभावकारी बनाउन समुदाय-विद्यालय-स्थानीय सरकारबीच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे।

कार्यक्रममा जिसस प्रमुखले साक्षर वडा घोषणा केवल औपचारिकता नभई व्यवहारमा देखिने परिणाममुखी अभियान हुनुपर्नेमा जोड दिनुभयो। उहाँले विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गराउने, अभिभावक सचेतना बढाउने र निरन्तर अनुगमनमार्फत शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने सुझाव दिनुभयो। वडा जनप्रतिनिधिहरूले वडालाई साक्षर वडा घोषणा गर्न आवश्यक सूचकहरू पूरा गर्ने प्रतिबद्धता जनाए।

शिक्षकहरूले विद्यार्थी केन्द्रित शिक्षण पद्धति अपनाउँदै पठनपाठनको गुणस्तर बढाउन आफूहरू प्रतिबद्ध रहेको बताए। अभिभावक प्रतिनिधिहरूले बालबालिकाको नियमित विद्यालय उपस्थितिमा ध्यान दिने, घरमै अध्ययनको वातावरण बनाउने र विद्यालयसँग निरन्तर समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे। सामाजिक अभियन्ताहरूले साक्षरता अभियानमा समुदायको सक्रिय सहभागिता अत्यावश्यक रहेको उल्लेख गर्दै महिला, दलित तथा पिछडिएका समुदायसम्म अभियान पुर्‍याउन विशेष रणनीति आवश्यक रहेको बताए।

मिथिला सामुदायिक सिकाइ केन्द्रले आगामी दिनमा घरदैलो अभियान, साक्षरता कक्षा र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने जानकारी पनि दियो। कार्यक्रमको अन्त्यमा सहभागी सबैले लहान-२३ लाई छिट्टै साक्षर वडा घोषणा गर्न सामूहिक प्रयास गर्ने संकल्प व्यक्त गर्दै अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको आयोजकले जनाएको छ।





**अर्नमा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अर्नमा, सिरहा**
**मधेश प्रदेश, नेपाल**




**सखुवानन्कारकट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सखुवानन्कारकट्टी, सिरहा**
**मधेश प्रदेश, नेपाल**




**नवराजपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवराजपुर, सिरहा**
**मधेश प्रदेश, नेपाल**


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)